मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८१।०८२
चलानी नं. :- ६६९

फोन नं. ०४८-५४०११२
०४८-५४०५३२

मिति : २०८१।०७।०४

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।**

**श्री जो जसँग सम्बन्धित छ ।**

रामेछाप जिल्ला मन्थली नगरपालिका वडा नं २ मा सञ्चालनमा रहेको **श्री निलकण्ठेश्वर माध्यमिक विद्यालयमा** रिक्त भएको माध्यमिक तह तृतीय श्रेणी गणित विषयको शिक्षक पदमा सरुवा प्रक्रिया अगाडि बढाइदिन भनि विद्यालयको च.नं. ३१ मिति २०८१।०७।०४ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहको योग्यता पुगेका स्थायी शिक्षकबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धि निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

२०८१।०७।०४

बिष्णु बहादुर अधिकारी
अधिकृत सातौं

पुनश्च

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल nilkantheshwor@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रीत नपुगि प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन ।

बोधार्थ

श्री शिक्षा विकास तथा समन्वय इकाइ, मन्थली रामेछाप ।
श्री निलकण्ठेश्वर माध्यमिक विद्यालय मन्थली – २, रामेछाप : नियमानुसार दरखास्त संकलन गरी सरुवाको लागि सिफारिस गर्नुहुन ।